# धनगढी उप-महानगरपालिका कार्यालय
# नगरकार्यपालिकाको कार्यालय,धनगढी,कैलाली
# ७ न. प्रदेश,नेपाल

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रा.०७६।०७७
च.नं.

**विषय :- बिज्ञापन कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि सूचना ।**

**चौथो पटक प्रकाशित मिति:२०७७।३।२५**

तेश्रो पटक मिति २०७७।३।१७ सूचना प्रकासित गर्दा समेत कसेले बोलपत्र पेश नगरेको हुदा पुन:सूचनालाई परिमार्जित गरी यस धनगढी उप-महानगर पालिका क्षेत्र भित्रका सार्बजनिक स्थल,चौक सडक वा कसैको निजि घर पर्खालमा कुनै उत्पादक कम्पनी वा अन्य व्यावसायिहरूले आफ्नो व्यवसायको प्रचार प्रसारका लागि लगाईएका होर्डिङ्ग बोर्ड,साईन बोर्ड, ग्लोब बोर्ड,स्टल,व्यानर,भित्तेलेखन लगायत अन्य सामाग्रिहरूबाट बिज्ञापन कर संकलन गर्न सक्ने प्रावधान बमोजिम आगामी तीन आ.व. का लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो ७ दिने सिलबन्दि आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलका शर्तहरू**

१। बिज्ञापन करका लागि न्यूनतम ठेक्का अंक रू १८,००,०००।( अठार लाख मात्र VAT बाहेक ) कायम गरिएको छ ।

२। ठेक्का प्रथम पटक ०७७।०७८ का लागि ठेक्काको सम्झौता गरिने छ । कार्यसम्पादन सन्तोषजनक देखिएमा दोश्रो र तेश्रो आ.ब.मा स्वीकृत ठेक्का रकममा प्रति आ.ब. १० प्रतिशतका दरले बृद्धि गरी ठेक्का सम्झौता नबिकरण गर्न सकिनेछ ।

३। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा बाहिर गई कर असूली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४। वोलपत्र मिति २०७७।३।३१ गते कार्यालय समयभित्र राजश्व शाखाबाट वा रा.बा.बैंकको आन्तरीक राजश्व खाता न. ४१७००३०१०१०००२ मा नगद जम्मा गरी (रू ३०००। फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ ।

५। वोलपत्र मिति २०७७।४।१। गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०७७।४।१ गते दिनको २:०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

६। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।

७। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७००३०३००००००२ मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

८। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

१०। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरि बिक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

११। कुनैपनि अवस्थामा कर छुटको लागि हक दावि गर्न पाईने छैन । संकलन गर्ने करको दर रेट टेण्डर फाराबाट हेर्न सकिनेछ । बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

१२। उक्त सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाईट www.dhangadhimun.gov.np मा राखिएको छ । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत